☎ ०८३-५२०२६३
०८३-५२०१४४
०८३-५२०१२८

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :-
(.......................... शाखा)

मितिः २०७८।५।१७

## १५ दिने सिलबन्दी दरभाउ आह्वानको सुचना ।

( प्रकाशित मिति : २०७८/०५/२)

यस नगरपालिकालाई आवश्यक निम्न कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ,

१.बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मितिसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस नगरपालिकाको जिन्सी शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई दरभाउपत्र बापतको रकम पछी फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

२.बोलपत्र तपसिलमा उल्लेखित मिति र समयभित्र यस नगरपालिकाको जिन्सी शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर सुर्खेतलाई सम्बोधन गरी आफूले गर्न चाहेको कार्य सहित बोलपत्रको ठेक्का नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्ने छ ।

३.दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु तपसिलमा उल्लेखित मिति र समयमा नगरपालिकाको कार्यालयका कर्मचारीहरुको वा फर्म/कम्पनीका प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

### तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय | फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | 03/SQ/2078-079 | राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापनसूचना प्रकाशन | २०७८/५/१६ कार्यालय समय | २०७८/५/१७ १२:०० बजे | २०७८/५/१७ २:०० बजे | १,०००।- | १०,०००।- |

४.बोलपत्र जमानत बापत माथि उल्लेखित रकम बराबर यस नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं ४०८०१००३०३००००४ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । दरभाउपत्र जमानतको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्ने छ ।

५.बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्र साथ देहायका प्रमाणित कागजात पेश गर्नुपर्ने
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) व्यवसाय दर्ताको इजाजतपत्र (ग) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (ङ) आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (च) दरभाउपत्र दाता फर्म/कम्पनीको Power of Attorney Letter समेत पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ । यस्तो अवस्थामा दरभाउपत्र जमानत र दरभाउपत्र को मान्य अवधिको गणना साविककै मिति बाट गरिनेछ ।

७ यसै सूचनाको बुंदा ५ वमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्र सम्वन्धी कागजातमा दरभाउपत्र दाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली वमोजिम रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८.कुनै वा सवै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

९.माथि उल्लिखित कार्यको सम्झौता अवधि वढिमा एक वर्षको हुनेछ । स्वीकृत दरभाउपत्र दातालाई उक्त अवधिभित्र दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम राष्ट्रिय दैनिक पत्रिकामा बिज्ञापन सुचना प्रकाशन गर्न यस नगरपालिकाले निर्देशन दिनेछ । सम्झौताको अवधिभर दरभाउपत्र फाराममा उल्लेख भएको सुचना नगरपालिकालाई आवश्यक परेमा स्वीकृत दरभाउपत्र दाताले आफूले कवोल गरेको दररेटमा नै उक्त सुचना प्रकाशर्न गर्नु पर्ने छ ।

१०. यस सम्वन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कार्यालयको (फोन नं. ९८५८०७०७७७) मा सम्पर्क राख्न सकिने छ ।

टिकाराम ढकाल

प्रमुख प्रसासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(.................................. शाखा)
☎ ०८३-५२०२६३
०८३-५२०१४४
०८३-५२०१२८

पत्र संख्या :
चलानी नम्बर :-

मिति:...............................

दरभाउ पत्र सम्बन्धि सुचना।
( प्रथम पटक प्रकाशन मिति २०७८/०५/०२गते)

यस नगरपालिकाको कार्यालयले चा.लु आ.ब ०७८/०७९ राष्ट्रिय दैनिक पत्रिकामा बिज्ञापन /सुचना प्रकाशन गर्ने कार्य गर्नु पर्ने भएकाले १५ दिने दरभाउपत्र आह्वान गरिएको र सो सम्बन्धमा बिस्तृत जानकारी यस कार्यालयको वेवसाइट www.birendranagarmum.gov.np मार्फत लिन सकिने छ। अन्य दरभाउ पत्र सम्बन्धि कागजात यस नगरपालिकाको कार्यालय बाट खरिद गरी लिन सकिने छ।

| क्र.स | सिलबन्धि दरभाउपत्र नं | कार्यको बिबरण | दरभाउपत्र जमानत दस्तुर | दरभाउपत्र जमानत रकम | दरभाउपत्र जमानत मान्य अवधि |
|---|---|---|---|---|---|
| १ | 3/SQ/078/079 | राष्ट्रिय दैनिक पत्रिकामा बिज्ञापन /सुचना प्रकाशन गर्ने कार्य | १०००। | ६००००। | ७५ दिन |

०८।५।२०७९

टिकाराम ढकाल
प्रमुख प्रसासकिय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत